# आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

त्रिभूवन विश्वविद्यालय शिक्षाशाास्त्र संङ्काय अन्तर्गत स्नातकोत्तर तह

(एमएड) दोस्रो बर्ष, शैक्षिक योजना तथा व्यवस्थापन (५९८)

को शोधकार्यको आंशिक आवश्यकता परिपूर्तिका लागि

शैक्षिक योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत

**शोधपत्र**


शोधार्थी

नाम शम्भुप्रसाद भट्टराई

त्रि.वि.रजिष्ट्रेशन नं. ३५८३-८५

परीक्षा रो.नं. २१४००७५

क्याम्पस रो.नं. २५

शैक्षिक बर्ष २०६१-२०६३

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग


फागुन, २०६८

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ्ग**
**मूल्याङ्कन समिति**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत एम .एड .दोश्रो वर्षका छात्र शम्भुप्रसाद भट्टराईले शैक्षिक योजना तथा व्यवस्थापन विषय (EPM 598) को आशिंक आवश्यकता परिपूर्तिको लागि **आधारभूत शिक्षामा वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता** भन्ने शीर्षकको अध्ययन मेरो पूर्ण निर्देशन सल्लाह र सुझावको आधारमा तयार पार्नुभएको हो । उक्त कार्य निजको स्वतन्त्र अध्ययनको परिणाम हो । यो मैले निर्दिष्ट गरेको ढाँचामा तयार गरिएको छ । निजको कार्यप्रति सन्तुष्ट छु र यो अध्ययन मूल्याङकनका लागि सिफारिस गर्दछु ।

.........................
भोजराज घिमिरे
शोध निर्देशक
सुकुना बहुमुखी क्याम्पस मोरङ्ग

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षा शास्त्र सङ्काय**
**सुकुना वहुमुखी क्याम्पस**
**इन्द्रपुर,मोरङ**

**स्वीकृति-पत्र**
मितिः २०६८।

त्रिभुवन विश्वविद्यालय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ, शिक्षा शास्त्र सङकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र शम्भुप्रसाद भट्टराईले उक्त तहको द्धितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार गर्नु भएको **आधारभूत शिक्षामा वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता** शीर्षकको शोध पत्र यस शोधपत्र मुल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | .................... |
| २. | .......................... | .................... | ................ |
| ३. | .......................... | .................... | ................ |

## प्राक्कथन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि **आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता** शीर्षकमा यो शोधपत्र तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा विभिन्न विद्वानहरुबाट आवश्यक सहयोग प्राप्त गरेको छु । शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु लक्ष्मीकुमार श्रेष्ठज्यूको विशेष सल्लाह तथा शोध प्रबन्धको रुपरेखा निर्माणदेखि सामग्री सङ्कलन, विश्लेषणका क्रममा आवश्यक निर्देशन, सरसल्लाह, सुझाव एवं प्रेरणा प्रदान गर्नुहुने शोध निर्देशक भोजराज घिमिरे ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । समयमानै शोध प्रस्ताव स्वीकृत गरी कार्य थालनी गर्न घच्घच्याई सहयोग पुऱ्याउनुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभागका सहायक प्राध्यापक खगेन्द्रप्रसाद लुइँटेल ज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । यस शोधपत्रको सन्दर्भ ग्रन्थ सूचीमा वर्णित कृतिका विद्वान लेखक, सम्पादक र प्रकाशकहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

शोधपत्र तयारीको क्रममा अन्तरवार्ता, प्रश्नावली भरी तथा आवश्यक अभिलेख/सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्बन्धित सहयोगी कार्यकर्ता, सहभागी, अभिभावक, कक्षाकेन्द्र व्यवस्थापन समिति, मातृ विद्यायका शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षक, शाखा अधिकृत, स्रोतव्यक्ति तथा सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । शोधपत्र लेखनका लागि उत्प्रेरणा जगाउने जीवनसँगी उर्वशी र कम्प्यूटर टाइपमा सहयोग पुऱ्याउने आत्मज द्वय सरोज, किरणलाई धन्यवाद !

शम्भुप्रसाद भट्टराई

# शोधसार

आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता शीर्षक राखी बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको उपलब्धि विश्लेषण गर्नु, मुख्य उद्देश्यमा केन्द्रीत भई यो शोधपत्र तयार गरिएको हो । यो अध्ययन परिमाणात्मक गुणात्मक दुबै ढाँचामा आधारित छ । आवश्यकता अनुसार व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिलाईसमेत अंगालिएको छ । धनकुटा जिल्लाभरि ग्रामीण क्षेत्र, शहरी क्षेत्र, सुगम-दुर्गम, विभिन्न लक्ष्यित बर्ग आदि जनसंख्या छनौटका आधारहरु लिइएको अवस्थामा हाल सञ्चालन भइरहेका प्राथमिक शिक्षा विस्तार कार्यक्रम ११ ओटा सबै र संभावना आधारित छनौट प्रक्रिया अपनाई सञ्चालन भइसकेका अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रममध्ये २ ओटा कक्षाहरू तथा यस कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरु यस अध्ययनमा जनसंख्याको रुपमा लिइएको छ । साथै यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता/प्रश्नावली, अवलोकन, कक्षाकेन्द्र सर्बेक्षण फाराम, अभिलेख अध्ययन जस्ता साधनहरूको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त मूख्य प्राप्तिहरुमा कक्षाकेन्द्रहरु सुविधाविहीनहरुका लागि खोलिएको देखियो । बर्षभरिमा कक्षाकेन्द्र खुल्ने दिन र सहभागीको नियमितता दर न्यून हुनु, शैक्षिक उपलब्धि दर मध्यम स्तरको हुनुले केन्द्रहरुमा पढाइको स्तर न्यून भएको पाइयो । विषयगत औषत उपलब्धि दरलाई हेर्दा भाषा विषयहरुमा अंग्रेजीको तुलनामा नेपाली विषयको उपलब्धि केही सुधारात्मक देखिएको छ । सहभागीहरु अनुकूल पढाइको समय भएको । मातृ विद्यालयले सहयोगी कार्यकर्ताको पारिश्रमिक माग र भुक्तानी, परीक्षा व्यवस्थापन तथा सञ्चालनमा सहयोग एवम् अभिलेख व्यवस्थापनमा सहयोग जस्ता कार्यहरुमा सहयोग गरेको ।

सुधारका लागि दिइएका मूख्य सिफारिसहरुमा कक्षाकेन्द्र सञ्चालन गर्दा स्थलगत सर्वेक्षण तथा सरोकारवालाहरुको मागका आधारमा कक्षाकेन्द्रका लागि तोकिएको संख्या पुग्नेगरी कोटा वितरण गरिनु पर्ने । अभिभावक तथा समुदाय जागरण कार्यक्रम कक्षाकेन्द्र चल्ने स्थानमा अनिवार्य रुपमा सञ्चालन गरिनु पर्ने, राज्यबाट प्रदान गरिने सेवा सुविधा र सामग्रीमा बृद्धि गरी समय सापेक्ष बनाउनु पर्ने । भर्ना भएका बालवालिकाहरुको कक्षा छाड्ने प्रवृत्तिको कारण पत्तालगाई समाधानका लागि केन्द्रमा बालमैत्रीपूर्ण सिकाइ वातावरण सिर्जना गर्ने । तोकिएको दिन भन्दा कम दिन कक्षाकेन्द्र खुल्ने प्रबृत्तिलाई रोक्न कक्षा व्यवस्थापन समिति, मातृविद्यालय, स्रोतकेन्द्र लगायत सम्बन्धित पक्षबाट नियमित निरीक्षण

अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नुका साथै शिक्षण समयमा आवश्यक सुधार गर्नुपर्ने । सहयोगी कार्यकर्तालाई पुनर्ताजगी तालिम, परीक्षाफल विश्लेषण र सरोकारवालाहरुसँग समीक्षा जस्ता कार्यक्रमहरु आवधिक रुपमा सञ्चालन  गर्ने । तुलनात्मक अध्ययनले सामाजिक रुपमा पिछडिएको समुदायका बालवालिकाहरुको नियमितता, टिकाउपन, तह उत्तीर्ण दर, सिकाइउपलब्धि दर न्यून देखाएकोले कक्षाकेन्द्रको स्वमूल्याङ्कन तथा अनुगमन सूचकका आधारमा स्तरीकरण गरी कमजोर कक्षाकेन्द्रको सुधारका लागि नविनतम विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

सहयोगी कार्यकर्ताको दक्षता र लगाव अभिबृद्धि गर्नुका साथै हालको पारिश्रमिक ज्यादै न्यून रहेको हुँदा समयसापेक्ष वृद्धि गरिनुपर्ने । मातृ विद्यालयले आफ्नो भूमिकालाई प्रभावकारी बनाउनु पर्ने कक्षाकेन्द्रमा सिकाइका लागि आवश्यक पर्ने विषयगत सिकाइ सामग्री तथा खेल सामग्रीहरुको व्यवस्थापन गरी बालवालिकाहरुले गरेर सिक्ने वातावरण सिर्जना गर्नुका साथै साप्ताहिक रुपमा सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने । निरीक्षण, अनुगमन, कार्यक्रमको अभिमुखीकरण तथा समुदाय सचेतीकरण कार्यक्रमको भूमिका सशक्त हुनुपर्ने ।

# विषय सूची


| विवरण | पेज नं. |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| प्राक्कथन | III |
| शोधसार | IV-V |
| विषय सूची | VI - VIII |
| तालिका सूची | IX |
| संक्षिप्त शव्दावली | X |

## परिच्छेद एक : परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनका उद्देश्यहरु | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| १.६ अध्ययनका परिसीमाहरु | ६ |
| १.७ शव्दावलीको परिभाषा | ६ |

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

| | |
|---|---|
| २.१ सम्बधित साहित्यको पुनरावलोकन | ८ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १६ |
| २.३ शैक्षिक उपादेयता | १७ |

## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १९

३.२ जनसंख्या १९

३.३ नमूनाको आकार र छनौट विधि १९

३.४ नमूना छनौटको आधार १९

३.५ अनुसन्धानका साधन २०

३.६ तथ्याङ्कका स्रोतहरु २०

३.७ तथ्याङ्क संकलन प्रक्रिया २०

३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया २१


## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदानको विश्लेषण २२

४.१.१ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदान २३

४.१.२ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका कक्षाकेन्द्रहरु २४

४.१.३ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको कक्षाकेन्द्रका सहयोगी कार्यकर्ता २४

४.१.४ कक्षाकेन्द्रका सहभागीहरुका अभिभावकहरुको पेशा २५

४.१.५ कक्षाकेन्द्र व्यवस्थापन समितिका पदाधिकारी २६

४.१.६ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको कक्षाकेन्द्रको भौतिक अवस्था २७

४.१.७ जिल्ला शिक्षा कार्यालयबाट प्राप्त सेवा, सुविधाको प्रवाह २८

४.१.८ कक्षा व्यवस्थापन समितिबाट प्राप्त सहयोग २९

४.१.९ अभिभावकहरुबाट प्राप्त सहयोग ३०

४.१.१० बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका सहभागीहरुको भर्ना ३०

४.१.१०.१ अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमका सहभागीहरुको भर्ना ३०

४.१.१०.२ प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुको भर्ना ३१

४.१.१०.३ प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीको जातिगत भर्ना ३३

४.१.११ आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदान ३४

४.२ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको उपलब्धि विश्लेषण **३६**
४.२.१ सहभागीको नियमितताको स्थिति ३७
४.२.२ सहभागी उत्तीर्ण दरको स्थिति ३८
४.२.३ सहभागीहरुको विषयगत औषत उपलब्धि दरको स्थिति ३९
४.२.४ दुई केन्द्रहरु वीच तुलनात्मक अध्ययन ४०
४.२.५ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत केन्द्रको उपलब्धि ४१
४.३ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमबाट आधारभूत शिक्षामा संक्रमण गर्दाका समस्याहरुको पहिचान ४५
४.४ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरुको खोजी ४७

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्ति ४९
५.२ निष्कर्ष ५२
५.३ सुझाव ५५
**सन्दर्भ सूची** **XI**
**अनुसूचीहरु** **XIII**

# तालिका तथा चित्र सूची


**तालिका नं.** **पेज नं.**

१. कक्षाकेन्द्र तथा उत्तरदाता छनौट विवरण २०

२. धनकुटा जिल्लामा सञ्चालित बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको विवरण २३

३. अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमका कक्षाकेन्द्रका सहभागी विवरण ३१


## चित्र सूची


**चित्र न.** **पेज नं.**

१. कक्षाकेन्द्रका सहभागीका अभिभावकहरुको पेशागत विवरण २५

२. कक्षाकेन्द्र व्यवस्थाप समितिका पदाधिकारीहरुको जातिगत र पेशगत विवरण २६

३. कक्षाकेन्द्रको भौतिक विवरण २७

४. कक्षाकेन्द्रको भौतिक विवरण २७

५. जि.शि.का बाट प्राप्त सुविधा २८

६. जि.शि.का बाट प्राप्त सुविधा २८

७. कक्षाकेन्द्रलाई कक्षा व्यवस्थापन समितिबाट प्राप्त सहयोगको विवरण २९

८. सहभागीहरुको लिङ्गगत विवरण ३२

९. सहभागीहरुको उमेरगत विवरण ३२

१०. सहभागीहरुको जातिगत विवरण ३३

११. सहभागी नियमितताको स्थिति ३७

१२. कक्षाकेन्द्रका सहभागीहरुको उत्तीर्ण दर ३८

१३. सहभागीहरुको विषयगत औषत उपलब्धि विवरण ३९

# संक्षिप्त शव्दावली

| | |
|---|---|
| अ.प्रा.शि.का. | अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम |
| आ.ब. | आर्थिक बर्ष |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| क.व्य.स. | कक्षाकेन्द्र व्यवस्थापन समिति |
| क्र.सं | क्रम संख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| न.पा. | नगरपालिका |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.शि.वि.का. | प्राथमिक शिक्षा विस्तार कार्यक्रम |
| वि.क. | विश्वकर्मा |
| वि.नि. | विद्यालय निरीक्षक |
| मा.वि. | माध्यमिक विद्यालय |
| मा.वि.प्र.अ. | मातृ विद्यालयका प्रधानाध्यापक |
| शा.अ. | शाखा अधिकृत |
| स.का. | सहयोगी कार्यकर्ता |
| स्रो.व्य. | स्रोतव्यक्ति |
| ASIP | Annual strategic implementation Plan |